के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

विज्ञापन आचार संहिताको पालना गरौं
विज्ञापन आचारसंहिताले
-विज्ञापन वोर्डमा सूचीकृत सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापन कारोवार गर्ने व्यवस्था गरेको छ ।
- विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम र विज्ञापन एजेन्सी विज्ञापन वोर्डमा सूचीकरण गरौं ।
विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क २११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ३० गते सोमबार ❑ 15 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

कास्कीमा थपिए ११ हजार मतदाता

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि कास्कीमा ११ हजार एक सय ४२ मतदाता थपिएका छन् ।

प्रदेश निर्वाचन कार्यालय पोखराका अनुसार स्थानीय तहको निर्वाचनपछि मतदाता नामावली दर्ता र अद्यावधिक गर्ने कार्य गत असार महिनादेखि सुरुआत गरिएकामा जिल्लामा महिला पाँच हजार सात सय ६४ र पुरुष पाँच हजार तीन सय ७८ नयाँ मतदाता थपिएका हुन् ।

बाहिरी जिल्लाको समेत गरी महिला सात हजार तीन सय ९३ र पुरुष सात हजार छ सय नौ गरी १५ हजार दुई जनाले सो अवधिमा कार्यालयमा नाम दर्ता गरेको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले बताउनुभयो । उहाँका अनुसार बाहिरी जिल्लाका महिला एक हजार छ सय २९ र पुरुष दुई हजार दुई सय ३१ गरी तीन हजार आठ सय ६० जनाको नाम दर्ता भएको छ । कार्यालयले बाहिरी जिल्लाको नाम दर्ता भएकाहरूको हकमा सम्बन्धित जिल्लामा नै पठाउने छ। यसैगरी अन्य जिल्लामा दर्ता भएकाहरूको कास्की जिल्लाका मतदाताको नाम आयोगले यहाँ पठाउने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनको मिति घोषणापछि नयाँ नाम दर्ता रोकिएको छ। अब बाहिरी जिल्लाको दर्ता भएको नाम सम्बन्धित जिल्लामा पठाउँछौं, अन्य जिल्लाको पनि यसैगरी हामीकहाँ थप हुन्छ।"

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा कास्कीमा दुई लाख ८१ हजार आठ सय ३३ मतदाता रहेका थिए। सरकारले स्थानीय तहको निर्वाचनपछि असारदेखि नयाँ मतदाता नामावलीमा नाम दर्ताको व्यवस्था गरेको थियो। प्रदेश निर्वाचन कार्यालयले अनलाइनमार्फत समेत मतदाता नामावली दर्ता सुरु गरेको थियो।

सरकारले आगामी मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति घोषणापछि जिल्लामा क्रियाशील प्रमुख राजनीतिक दलहरूले चुनाव केन्द्रित कार्यक्रम अघि बढाएका छन् । दलहरूले आन्तरिक भेला, प्रशिक्षण तथा सङ्गठन विस्तारका कार्यक्रम गाउँ-गाउँसम्म सञ्चालन गरेका हुन् ।

राष्ट्रपतिबाट नागरिकता विधेयक फिर्ता

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा नेपालको संविधानबमोजिम नागरिकता प्राप्तिसम्बन्धी विषयमा सङ्घीय संसद्बाट पुनर्विचार हुन आवश्यक देखिएको जनाउँदै सो विधेयक आज प्रतिनिधिसभामा फिर्ता पठाउनुभएको छ।

राष्ट्रपतिको कार्यालयका प्रवक्ता सागर आचार्यले आइतबार जारी गर्नुभएको विज्ञप्तिमा प्रतिनिधिसभाका सभामुखबाट प्रमाणित भई नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरणका लागि पेश हुन आएको नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम सन्देशसहित यो विधेयक फिर्ता पठाउनुभएको जनाइएको छ।

उक्त विद्येयक प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गरेर सभामुख सापकोटाले प्रमाणीकरण गरी राष्ट्रपतिसमक्ष पठाएको थियो। उक्त विधेयकमा आवश्यक सुधारका ठाउँसमेत औंल्याएर सोही अनुरूप सार्वभौम संसदमा छलफल एवम् कानुनी सुधार गरी विधेयक पुनः प्रमाणीकरणका लागि पेस गर्न पनि राष्ट्रपतिले आफ्नो सन्देशमा प्रतिनिधिसभालाई आग्रह गरेकी छन् । विधेयक फिर्ता पठाउने क्रममा राष्ट्रपतिले १५ बुँदे सन्देशसमेत पठाएकी छन्।

संविधानको धारा ११३ उपधारा ३ मा राष्ट्रपतिले सन्देशसहित कुनै पनि विधेयक फिर्ता पठाउन सक्ने व्यवस्था छ। विधेयक फिर्ता पठाउनुअघि राष्ट्रपतिले प्रधानमन्त्रीसँग परामर्श गर्नुका साथै विभिन्न दलका नेता एवं विधेयकको पक्ष र विपक्षमा रहेका समूहको कुरा सुनेको राष्ट्रपति कार्यालयले जनाएको छ।

गण्डकी ट्याक्सी व्यवसायीको अध्यक्षमा पुनः गिरी

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

गण्डकी ट्याक्सी व्यवसायी लिमिटेडको चौथो बार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनले गान्धीराज गिरीलाइ तीन वर्षको लागि पुनः अध्यक्ष पदमा चयन गरेको छ।

आइतवार भएको अधिवेशनले प्रबन्धक संचालकमा पूर्ण जिसी, कार्यकारी प्रमुखमा अर्जुन पौडेल, लेखा विभाग प्रमुखमा मेख बहादुर गुरुङ, लिमिटेडको सदस्यहरुमा क्रमश श्री प्रसाद गुरुङ, ज्ञानेन्द्र पौडेल, यज्ञ नारायण गिरी, सन्तवहादुर खत्री, खेमप्रसाद शर्मा, राजकुमार आचार्य र हरि देवकोटा रहेका छन्। सार्वजनिक यातायात केन्द्रिय महासंघका अध्यक्ष डोलनाथ खनालले अधिवेशनको उद्घाटन गरेका थिए। गण्डकी ट्याक्सी व्यवसायी लिमिटेडका अध्यक्ष गान्धीराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यकारी प्रमुख पूर्ण जिसीले स्वागत र सदस्य अर्जुन पौडेलले संचालन गरेका थिए ।

ट्होटेंमा शैक्षिक संस्थामा बिदा

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

पोखरा महानगरपालिकाले गुरुङ समुदायको ऐतिहासिक एवं परम्परागत सांस्कृतिक पर्व ट्होटेंका अवसरमा यही साउन ३१ गते शैक्षिक संस्थामा स्थानीय बिदा दिएको छ।

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले आइतबार सूचना जारी गरी महानगरका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालय र मन्टेश्वरीमा बिदा दिइएको जनाएको छ। वर्षभरिबाट विद्यालय वा मन्टेश्वरी आफैंले गर्न सक्ने स्थानीय बिदाबाट कट्टा गर्ने गरी सबै शैक्षिक संस्थालाई बिदा दिन भनिएको महानगर शिक्षा महाशाखाका निर्देशक हेमप्रसाद आचार्यले जानकारी दिनुभयो। गुरुङ समुदायले साउन महिनाको अन्तिम मङ्गलबार र चैत्र महिनाको अन्तिम मङ्गलबार गरी वर्षमा दुई पटक आफ्नो मौलिक पर्वका रूपमा ट्होटें पर्व मनाउने गरेका छन्। ट्होटें पर्व मनाउनाले रोग, ब्यधा हट्ने, प्राकृतिक प्रकोप न्यूनीकरण हुने, खेतीबाली राम्रो हुने, सुखशान्ति प्राप्त हुने जनविश्वास छ।

निर्वाचनमा सहयोगी भूमिका निर्वाह गर्न आयोगको अपिल

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

निर्वाचन आयोगले राष्ट्रिय सञ्चारमाध्यमलाई आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई सफल तुल्याउन उपयुक्त वातावरण बनाउने काममा सहयोग पुऱ्याउन आह्वान गरेको छ।

आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, निश्पक्ष र मितव्ययी बनाउन आमसञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने भएकाले सत्यतथ्य समाचार सामग्री सम्प्रेषण गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गरेको छ । आयोगद्वारा यहाँ आइतबार आयोजित आमसञ्चार माध्यममका सम्पादक तथा प्रमुखसँगको छलफलमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी निर्वाचन सफल तुल्याउन महत्वपूर्ण भूमिका रहेको मुलुकका जिम्मेवारी आमसञ्चार माध्यमबाट यसअघि जस्तै सकारात्मक भूमिका प्राप्त विश्वास व्यक्त गर्नुभयो। आयोगले निर्वाचन कार्यतालिका निर्माण, निर्देशिका एवं कार्यविधि तर्जुमा/परिमार्जन, राजनीतिक दल दर्ता आह्वान, आर्थिक व्यवस्थापन कार्यविधि, बजेट तर्जुमा र मतदाता नामावली अद्यावधिक गर्ने काम सुरु गरेको उहाँले जानकारी दिनुभयो।

आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा हालसम्म एक करोड ८२ लाख कूल मतदाता र करिब १० हजार आठ सय २५ मतदानस्थल रहेको आयोगले जनाएको छ । त्यसैगरी अस्थायी मतदान केन्द्रबाहेक करिब २२ हजार ५०० मतदान केन्द्र रहनेछन् । आगामी निर्वाचनका क्रममा करिब रु १० अर्ब खर्च हुने आयोगले जनाएको छ। त्यसैगरी आयोगले मतदातास्थलको पुनरावलोकन, सामनुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम र अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षणका लागि आह्वान गरेको छ। निर्वाचन आचारसंहितालाई थप व्यावहारिक बनाउने, सञ्चारमाध्यमलाई स्वनियमन गर्न प्रेरित गर्ने, सामाजिक सञ्जालमार्फत हुने राजनीतिक विज्ञापनको अनुगमन गर्ने र निर्वाचन खर्चप्रतिको धारणा र त्यसको वास्तविकताप्रतिको बुझाइ स्पष्ट गर्ने आयोगको सोच छ। आयोगले खर्चको सीमा सूत्रमा आधारित प्रणाली अवलम्बन गरी आवश्यक प्रक्रिया अघि बढाइने जनाएको छ।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको निशुल्क उपहार कुपनको मासिक नतिजा सम्वन्धी सूचना ।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनद्वारा चाडपर्वहरूलाई लक्षित गर्दै साउन महिनाबाट ग्राहकवर्गलाई सुरू गरिएको निशुल्क उपहार कुपन योजनाको मासिक नतिजा अर्न्तगत साउन महिनामा नगद ५००० (पाँच हजार) को निशुल्क सपिङ नगद भौचर पाउने निम्न कुपन नम्वर भएका भाग्यमानी ग्राहक रहेका छन्।

क) १९९६
ख) ५४१११
ग) ५१७०३
घ) ५१७५१

नोटः उपहार दावी गर्नेको लागि उपहार कुपनको अर्धकटी लिएर एशोसियसनको कार्यालयमा सम्पर्क गर्नुहोला।

GOLCHHA GROUP
BAJAJ
BAJAJ EXCHANGE
अब OUTDATE लाई गरौं UPGRADE
यही २०७९ श्रावण २९ देखि ३१ गतेसम्म
कुनैपनि मोटरसाइकलको प्रचलित बजार VALUATION भन्दा रु.७,०००* थप
25% DOWNPAYMENT*
FREE ACCESSORIES*
FLAT CASH DISCOUNT Rs. 7,000*
*CONDITION APPLY
ICHHASHAKTI AUTOMOBILES PVT.LTD.
Lekhnath, Pokhara, 061-561064 9825165123, 9802808855

विन्ध्यवासिनी मा.वि.द्धारा विद्यार्थीहरुलाई सम्मान, ३१ गते राष्ट्रपती भण्डारी सहभागी हुने

पोखरापत्र संवाददाता

पोखरा, २९ साउन

पोखराको बाटुलेचौर स्थित विन्ध्यवासिनी माध्यमिक.विद्यालयले आफना पूराना विद्यार्थीहरुलाई सम्मान गरेको छ।

हीरक जयन्ती समापन तथा नवनिर्मित भवन उद्घाटनको पूर्व सन्ध्यामा विद्यालयमा आयोजित पुनर्मिलन कार्यक्रममा विद्यालयले स्थापनाकालिन विद्यार्थी ईन्द्रबहादुर बाँनिया, हेमबहादुर बाँनिया, जीवबहादुर बाँनिया, चतुरमान श्रेष्ठ, लोकबहादुर थापा, क्या. उदयबहादुर भण्डारी, उक्तप्रसाद पौडेल, कृष्णप्रसाद तिमिल्सीना, ई. कोमलप्रसाद तिमिल्सीना, दशरथ गौतम, ज्ञानबहादुर के.सी र टेकनाथ काफ्ले लाई सम्मान गरेको हो। सो अवसरमा पहिलो प्रवेशिका परीक्षा २०२१ सालमा सहभागी नरहरी भट्टराई, बलराज पौडेल, कृष्णमानसिंह भण्डारी, मूलराज तिमिल्सिना, तोयानाथ पौडेल, शालिग्राम अधिकारी, पूर्व विद्याथी संघीय संसद सचिवालयका महासचिव डा. भरतराज गौतम, महालेखा परीक्षकको कार्यालयका सचिव एवम नायब महालेखापरीक्षक महेश्वर काफ्ले, विन्ध्यवासिनी उच्च मा.वि.का संस्थापक प्राचार्य नरहरि भट्टराईसहित विद्यालयलाई देशकै नमुना सामुदायिक विद्यालय बनाउन खटिने विद्यालयका ६६ जना शिक्षक कर्मचारीलाई समेत सम्मान गरेको छ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका भौतिक पूर्वाधार, सहरी विकास तथा यायातात व्यवस्था मन्त्री कुमार खड्का, प्रदेश नं १ का पूर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासी, प्रदेश सभा सदस्य पुष्पा के.सी भण्डारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा थापा र विद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यले सम्मान पत्र सहित सल आडाएर सम्मान गर्नुभयो। सोही अवसरमा विद्यालयमा दश जोड दुई स्थापनाकालिन शिक्षक निर्मल सापकोटा, भोजबहादुर थापा, राजेन्द्र बहादुर देवकोटा, महेन्द्र रिमाल,श्रीधर न्यौपाने र धनेश्वर रखाल सम्मानित भए। त्यस्तै विद्यालय व्यवस्थापन समितिबाट दिईने अध्यक्ष पदक विद्यालयका सहायक प्रधानाध्यापक राम बहादुर बाँनियाले प्राप्त गरे। त्यस्तै २५ वर्ष स्थायी सेवा सम्मान बाट प्रधानाध्यापक कृष्ण प्रसाद आचार्य पार्वति बाँनिया, दीर्घ सेवा सम्मानबाट लेखापाल भीमबहादुर गायक र टोपली गायक, १५ बर्षे सेवा सम्मानबाट ईश्वर खडका र महेन्द्रप्रसादपौडेल, १० वर्षे सेवा सम्मानबाट सपना रेग्मी, सविता अधिकारी र उत्कृष्ट बर्मचारीको रुपमा चमेरे गुफामा कार्यरत सरिता थापा कार्की सम्मानित भएका छन। यसअघि पुनर्मिलन कार्यक्रमको उद्घाटन गर्दै मन्त्री खडकाले विद्यालयको शैक्षिक उन्नयनमा भैतपूर्वहरुको भूमिका अवीस्मरणीय भएको बताउनु भयो, उहाँले शैक्षिक वातावरण राम्रो भएमात्र गुणस्तरीय शिक्षा मार्फत दक्ष जनशत्ति उत्पादन हुनसक्ने बतायनु भयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा थापाको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासी, विद्यालयका सल्लाहकार दान बहादुर बाँनिया, भूपू विन्ध्यवासिनी विद्यार्थी मञ्चका अध्यक्ष हरि बरुवाल, प्रधानाध्यापक आचार्य, विद्यार्थी एलिश अधिकारी लगायतले बोल्नु भएको थियो। कार्यक्रममा विद्यार्थीहरुले नेपाली कला र संस्कृति झल्कने नृत्य र नाटक प्रस्तुत गरेको कार्यक्रमको संचालन शिक्षक ईन्दु भट्टराईले गरेकी थिईन। नेपालमै सामुदायिक विद्यालय तर्फ उत्कृष्ट बन्न सफ विन्ध्यवासिनी माविको नवनिर्मित भवन तथा हीरक जयन्तीको समापन यही श्रावण ३१ गते राष्ट्रपती विद्यादेवि भण्डारीको प्रमुख आतिथ्यतामा हुने बताईएको छ।

आगलागी पीडितलाई मर्दीखोला हङकङ समाजको सहयोग

पोखरापत्र संवाददाता

पोखरा, २९ साउन

मर्दीखोला सेवा समिति कास्की हङकङ समाजले कास्कीको आगालागीबाट पीडितलाई आर्थिक सहयोग गरेको छ।

माछापुच्छ्रे गाउँपालिका ८ लुम्रेका लागलागी पीडित गोलमान गुरुङको परिवारलाई वडाअध्यक्ष रामबहादुर गुरुङको उपस्थितीमा समाजले २ लाख ५६ हजार ५ सय ६ रुपैयाँ सहयोग गरेका हुन्। मर्दीखोला सेवा समिति कास्की हङकङ समाज महिला समितिका सचिव बद्रीलक्ष्मी गुरुङ, अजिवन सदस्य दिलबहादुर गुरुङ र निशा पौडेलले उक्त रकम पिडित परिवारका सदस्य लक्ष्मी गुरुङलाई प्रदान गरेका हुन्। गत जेठ ५ गते कास्कीको माछापुच्छ्रे गाँउपालिका ८ लुम्रे निवासी गोलमान गुरुङको घरमा ग्याँसको सिलिण्डर पड्केर आगालागीबाट ठूलो क्षति भएको थियो। आगलागीबाट करिब २५/३० लाख बराबरको क्षती भएको वडाध्यक्ष गुरुङले जानकारी दिए। 'ग्यास लीग भएर सबै आगलागी भएपछि निभाउने धेरै प्रयास भयो तर सकिएन्,' उनले भने, 'लुगाफाटा, गरगहना सबै गर्दा करिब २५/३० लाख जतिको क्षती भयो होला।'

विदेशी भूमिमा रहे पनि मानवीयतालाई भूगोलले नछेक्ने जनाउँदै नेपालीहरुलाई सहयोग जुटाउँदै आएको समजका महिला संघ सचिव बद्रीलक्ष्मी गुरुङले जनाइन्। आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने उनको प्रतिवद्धता थियो। सहयोग हस्तान्तरण कार्यक्रममा निशा पौडेलले मानवीय सेवा नै धर्म भएकाले आफूहरुले समस्यामा रहेकाहरुको वास्तविक समस्या बुझेर सक्दो सहयोगमा जुट्ने बताईन्। हङकङमा रहेका मर्दीखोला सेवा समिति कास्की हङकङ समाजका पदाधिकारी, साधारण सदस्य तथा शुभचिन्तक र विदामा नेपाल आएकाहरुबाट उक्त रकम संकलन गरिएको गुरुङले जानकारी दिइन्। नेपालीको हरेक दुखमा साथ दिन आफूहरु तयार रहेको उनको भनाई थियो।

वडाअध्यक्ष गुरुङले विदेशी भूमिमा रहेर पनि जन्मभूमिमा भएको समस्या र दुःख पीडालाई आत्मसात गरी सहयोग रकम जुटाएकोमा धन्यवाद व्यक्त गरे। सहयोग रकम हस्तान्तरण कार्यक्रममा माछापुच्छ्रे ८ का वडा सदस्य रामहरी गुरुङले कठिन अवस्थामा एक अर्काको सहयोगमा जुटेर अघि बढ्नु नै मानवीयता भएको धारणा राखे। सहयोग रकम बुझेपछि सहयोगी दाताहरुलाई धन्यवाद् दिंदै पीडित लक्ष्मी गुरुङ घर सहयोगको रकमले घर बनाउने बताईन्।

भदौं दोश्रो साता पोखरामा राष्ट्रिय स्नुकर प्रतियोगिता हुने

पोखरापत्र संवाददाता

पोखरा, २९ साउन

पोखरामा हुने प्रथम राष्ट्रिय खुल्ला स्नुकर प्रतियोगिता-२०७९ मा करिब १ सय २८ जना खेलाडीहरु सहभागि हुने भएका छन्। देविज स्नुकर क्लबको आयोजनामा आउदो भदौं १२ देखि १९ गतेसम्म पोखरामा पहिलो पटक संचालन हुने उक्त प्रतियोगितामा कास्कीबाट करिब ४८ जना सहित १ सय २८ जना सहभागि हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो।

प्रतियोगितामा काठमाण्डौं, भक्तपुर, ललितपुर, वुटवल, बागलुङ लगायतको क्षेत्रबाट करिब ८० जना खेलाडीहरु सहभागि हुने भएको प्रतियोगिताका संयोजक शंकर गुरुङले बताए। प्रतियोगिताको बिजेतालाई १ लाख ५१ हजार १ सय ११ रुपैयाको साथमा शिल्ड, मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ। उपविजेतालाई भने ७१ हजार १ सय ११ रुपैयाको साथमा शिल्ड, मेडल र प्रमाण पत्र वितरण गरिने भएको संयोजक गुरुङले जनाए। सेमिफाईनलिष्ट (दुई जना) खेलाडीहरुलाई जनही १५ हजार १ सय ११ नगदका साथमा शिल्ड, मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ भने प्रतियोगितामा हाई हाईयस्ट ब्रेकरलाई २१ हजार १ सय ११ रुपैयाका साथमा शिल्ड, मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ।

जिल्ला तथा राष्ट्रियस्तरबाटै विलियार्ड, स्नुकर खेलको विकासका साथै शारीरिक रुपमा तन्दुरुस्त, मानसिक रुपमा सचेत र सामुहिक भावनाले अभिवृद्धि गराउने उद्धेश्यले उक्त प्रतियोगिता पोखरामा गर्न लागिएको कास्की जिल्ला विलियार्ड स्नुकर तथा पुल संघका अध्यक्ष सागर कुमार शाहीले बताए। पोखरालाई खेलकूद पर्यटनको शहरको रुपमा विकसित गराउन, नयाँ प्रतिभाशाली खेलाडीहरु उत्पादन गरी अझ यस जिल्ला र राष्ट्रमा विलियार्ड, स्नुकर खेलको रौनक बढाउन उक्त प्रतियोगिता गर्न लागिएको आयोजकले जनाएको छ। त्यसै गरी भू.पू राष्ट्रिय खेलाडीहरुको सहभागितामा विलियार्ड, स्नुकर खेलको विकास र विस्तार तथा भाइचारा वन्धुत्वको भावना अभिवृद्धि गराउन, सामाजिक, आर्थिक, शौक्षिक एवं पर्यटकीय क्षेत्रबाट विकसित यस क्षेत्रलाई खेलकूद मार्फत आन्तरिक पर्यटनको प्रवर्द्धन गर्न खेलको माध्यमबाट राष्ट्रिय एकता र शान्तिको सन्देश दिन पनि उक्त प्रतियोगिता गर्न लागिएको आयोजकको दाबी छ। उक्त प्रतियोगिता पहिलो पटक पोखरामा हुनुले आफुहरु निकै उत्साहित भएको महेन्द्र नेपाली, मनिस लगायतका खेलाडीहरुले खुसि व्यक्त गरेका छन्। नवौं खेलकुदमा स्नुकरलाई समावेस गर्न उनीहरुले माग समेत गरे। पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले आफ्नो वडामा हुने राष्ट्रिय स्तरको कुनै पनि प्रतियोगितालाई भरपूर्ण रुपमा सहयोग गर्ने बताए। बुद्धमार्ग टोल सुधार समितिका अध्यक्ष एव पृथ्वी राजमार्ग बस संचालक कम्पनीका पुर्व अध्यक्ष ऐन कुमार शाहीले आफ्नो टोलमा हुने उक्त प्रतियोगिताले टोलकै इज्जत र प्रतिष्ठानसंग जोडिएकोले प्रतियोगितालाईसफलपार्नआर्थिक भौतिक हरेक हिसावले सहयोग गर्ने बताए। पोखरामा करिब ७० वटा पुल क्लवहरु भए पनि कास्कीको संघमा भने करिब १८ वटा मात्र क्लवबहरु आवद्ध भएको क्लवका प्रथम उपाध्यक्ष राजु गुरुङले बताए।

सो प्रतियोगिता सफल पार्न १८ लाख २८ हजार खर्च हुने तथा २१ लाख ५० हजार आम्दानी हुने लक्ष्य राखिएको प्रतियोगिताका अर्थ संकलन संयोजक प्रदीप रसाइलीले बताए। पोखरा क्षेत्रमा करिब एक सय ५० भन्दा बढी स्नुकर खेल्ने खेलाडी भए पनि र्‍याङकीङमा पर्ने ३२ जना खेलाडीहरु रहेको संघका महासचिव सविन जिसीले बताए। युबा तथा खेलकूद मन्त्रालय, गण्डकी प्रदेश, पोखरा महानगरपालिका खेलकूद विकास समिति, नेपाल विलियार्डस् स्नुकर तथा पुल संघ र कास्की जिल्ला विलियार्ड स्नुकर तथा पुल संघको विशेष सहयोग तथा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको प्रबर्द्धनमा उक्त प्रतियोगिता हुने भएको हो। पोखरा महानगरपालिका वडा नं. ८ स्थित डेभिज् स्नुकर क्लबमा सञ्चालन हुने भएको छ भने प्रतियोगिता नकआउटको आधारमा खेलाइने भएको छ।

लायन्स क्लब अफ ब्युटि सिटीद्धारा नेतृत्व विकास तालिम

पोखरापत्र संवाददाता

पोखरा, २९ साउन

लायन्स क्लब अफ पोखरा ब्युटि सिटिको आयोजना र लियो क्लब अफ पोखरा संगम र आइसिटि सहकारी संस्थाको समन्वयमा संस्थाका सदस्यहरुलाई एक दिने नेतृत्व विकास तालिम प्रदान गरिएको छ।

संस्थाका सदस्यहरुको नेतृत्व तथा व्यत्तित्व विकास गर्ने उद्देश्यले आयोजित एक दिने तालिमको पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले सहजिकरण गर्नुभएको थियो। तालिममा लायन्स क्लब अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ जे नेपालका द्धितिय उपाध्यक्ष एवम महिला उद्यमी मिलन थापाले हरेक क्षेत्रमा गर्विलो उपस्थितिका लागि नेतृत्व विकासको आवश्यता महत्वपूर्ण हुँदै गएको बताउनुभयो। उहाँले घर परिवार देखि समाज, संघ संस्था र देशलाइ सफल बनाउन असल नेतृत्वबाट खाँचो हुने कुरामा जोड दिनुभयो। बोल्ने कलाले आत्मविश्वास जगाउने सफल नेतृत्वका लागि सघाउ पुर्याउने उहाँको भनाइ थियो। ब्युटि सिटिका अध्यक्ष सवि शेरचनले पछिल्लो समय महिला विभिन्न सामाजिक संघ संस्थाबाट अगाडि बढ्न चाहे पनि निर्धक्क भएर आफ्नो कुरा राख्न अझै पनि समस्या देखिएका कारण बोल्ने कलासम्बन्धि तालिमको आवश्यतालाई महसुस गरेर नेतृत्व विकाससँगै बोल्ने कला सम्बन्धि तालिम राखेको जानकारी दिनुभयो। ब्युटि सिटिका प्रथम उपाध्यक्ष एवम तालिम संयोजक दुर्गा मर्सानीले एक दिनको छोटो समय पनि बोल्ने कला सम्बन्धि सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गर्न सफल भएको धारणा राख्नुभयो।

लियो क्लब अफ पोखरा संगमका अध्यक्ष रोजिना श्रेष्ठले तालिमले माइकको प्रयोग देखि भाषण गर्दा ध्यान दिनुपर्ने विविध विषयको बारेमा स्पष्ट हुन अवसर पाएको अनुभव सुनाउनु भयो। तालिममा कम्प्युटर एशोसियसन अफ नेपाल (क्यान) का अध्यक्ष विश्वास भण्डारी, रिजन चियरपर्सन शिला अधिकारी, जोन चेयरपर्सन महेश श्रेष्ठ, डिष्ट्रिक अफिसर मिना प्रधान, डिष्ट्रिक कोचिफ नविना श्रेष्ठ, आइसिटि सहकारीका व्यवस्थापक मनमाया तामाङ लगायतले नेतृत्व विकासको तालिम सम्बन्धि आफ्नो धारणा राख्नुभएको थियो। तालिमा ३० जना सहभागिता रहेको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

↳ पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
↳ महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
↳ सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
↳ मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

सम्पादकीय

नागरिकता विधेयक संसदमा फिर्ता

राष्ट्रपति बिध्या देवी भण्डारीले विवादास्पद नागरिकता विधेयक फिर्ता गरिदिएकी छन् । आइतबार विधयेकमा संसद्ले पुनर्विचार गर्न आवश्यक भएको भन्दै राष्ट्रपतिले प्रतिनिधिसभामा फिर्ता पठाएको राष्ट्रपतिको कार्यालयले जनाएएको छ। 'नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा नेपालको संविधानबमोजिम नागरिकता प्राप्ति सम्बन्धी विषयमा संघीय संसदबाट पुनर्विचार हुन आवश्यक देखिएकाले नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम सन्देश सहित यो विधेयक सम्माननीय राष्ट्रपतिज्यूले प्रतिनिधिसभामा फिर्ता पठाउनुभएको छ,' विज्ञप्तिमा भनिएको छ।

संविधानको धारा ११३ को उपधारा (३) मा प्रमाणीकरणका लागि पेस भएको अर्थ विधेयकबाहेक अन्य विधेयकमा पुनर्विचार हुन आवश्यक छ भन्ने राष्ट्रपतिलाई लागेमा त्यस्तो विधेयक पेस भएको १५ दिनभित्र सन्देशसहित सदनमा फिर्ता पठाउन सक्ने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार अब नागरिकता विधेयकमाथि दुवै सदनले पुनर्विचार (संशोधन) गरेर वा नगरेर फेरि पेस गरेमा राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने हुन्छ। नागरिकता विधेयक गत साउन ६ गते प्रतिनिधिसभाबाट र साउन १२ गते राष्ट्रियसभाबाट पारित भएर साउन १५ गते प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएको थियो ।

विधेयकमा आवश्यक सुधारका ठाउँहरू समेत औंल्याएर सोही अनुरूप सार्वभौम संसदमा छलफल एवम् कानुनी सुधार गरी विधेयक पुन प्रमाणीकरणका लागि पेश गर्न पनि राष्ट्रपतिले आफ्नो सन्देशमा प्रतिनिधि सभालाई आग्रह गरेकि छन । विधेयक फिर्ता पठाउने क्रममा राष्ट्रपतिले पठाएको १५ बुँदे सन्देशमा महत्वपूर्ण विषयहरू समेटिएका छन् । संविधानको धारा ११३ उपधारा ३ मा राष्ट्रपतिले सन्देशसहित कुनै पनि विधेयक फिर्ता पठाउन सक्ने व्यवस्था छ । विधेयक फिर्ता पठाउनु अघि राष्ट्रपतिले प्रधानमन्त्रीसँग परामर्श गर्नुका साथै विभिन्न दलका नेता एवं विधेयकको पक्ष र विपक्षमा रहेका समुहका कुरा सुनेर अभिभावकको भूमिका निर्वाह गरेकी छन । राष्ट्रपति भण्डारीले पठाएको सन्देशमा नागरिकता सम्बन्धी कानुनी अभ्यास र परम्पराको छोटकरी विश्लेषण गर्दै यसबारे संसदमा अझ गहिरो गरी छलफल गर्न आग्रह गरिएको छ।

वि.स. २००९ सालमा जारी पहिलो नागरिकता ऐन, पुराना संविधान र तिनमा गरिएका विभिन्न संशोधनमा नागरिकता प्राप्तिको व्यवस्थाबारे भएका परिवर्तन र उतार चढाव, तत्कालीन राजा बीरेन्द्रले रोकेको भनिएको नागरिकता ऐन, बहुदलीय व्यवस्था स्थापना भएपछि गठन भएका नागरिकता समस्या सुझाव आयोगसमेतको चर्चा राष्ट्रपतिको सन्देशमा गरिएको छाराष्ट्रपतिले संसदमा सन्देश सहित फिर्ता पठाएको विधेयक कसरी सबैको सहमति जुटाएर राष्ट्रिय एकता देखाउने भन्ने अवसर सरकारलाई छाराष्ट्रपतिले संसद्लाई फिर्ता पठाएपछि काङ्ग्रेस र मधेस केन्द्रीत दलले असन्तुष्टि जनाएका छन।नेकपा एमालेले स्वागत गरेको छ । देशभक्त नेपालीले राष्ट्रपतिको कदमलाई समर्थन गरेका छन । सामाजिक संजालमा नेपाली काङ्ग्रेस, माओवादी केन्द्रका पनि राष्ट्रवादीहरु, एमाले,जनमोर्चा, नेमकिपा,राप्रपा, कम्युनिस्ट घटकहरु,वामपन्थी विचार राख्ने र देशभक्त नागरिकले राष्ट्रपतिको सह्रानीय कदम भनी स्वागत भएको छ।

संसदका दुवै सदनले नागरिकता विधेयकलाई 'अध्ययनका लागि' भन्दै राखेपछि राष्ट्रपतिको आलोचना भएको पक्षलाई समेत शीतल निवासको सन्देशले सम्बोधन गर्ने प्रयास गरेको छ। अध्यादेशबाट कानुन निर्माण हुने प्रक्रिया र विधेयकबाट कानुन निर्माण हुने प्रक्रिया फरक रहेको तथ्यलाई सन्देशले स्मरण गराएको छ। प्रधानमन्त्रीले सिफारिस गरेको अध्यादेश रोक्ने वा अध्ययन गर्ने अधिकार राष्ट्रपतिलाई हुँदैन किनभने त्यसमाथि संसदले मात्र छलफल गर्न पाउँछ। त्यसैगरी, संसदले बनाएको कानुन अध्ययन गर्ने र आवश्यकता अनुसार सन्देशसहित फिर्ता गर्ने अधिकार संविधानले नै राष्ट्रपतिलाई दिएको भन्ने कुरा स्मरण गराउँदै राष्ट्रपतिले अध्यादेश उपर हुने संसदमा छलफलहरू सम्वोधान अनुकूल हुनुपर्ने आग्रह छ। तत्कालीन केपी ओली सरकारले जारी गरेको नागरिकता अध्यादेशले पनि नागरिकताबारे सबै प्रश्नको जवाफ दिन नसकेको राष्ट्रपतिको भनाई छ। नागरिकता अन्य विधेयक जस्तो सत्ता पक्ष र विपक्ष जस्तो नभएकोले समग्रमा हेर्नुपर्छ। यस्लाई मधेसी, पहाडी नहेरी नागरिकता पाउने अधिकार, देशको भुअवस्था र महिला पुरुष समानताको आधारमा हेरिनुपर्छ । हतारमा पास गरेर सत्ताधारी दलका केही नेताले कसैलाई खुशी पार्न खोज्दा देशभक्त नागरिकको भावना कस्तो छ भनेर नबुझी गरेको काम हो ।अब सबैले अपनत्व लिने गरि परिमार्जन गरेर विवादास्पद वुँदा हटाएर संसदले पारित गर्न सभामुखले पहल गर्नु आवश्यक छ।

तपाईंको आज

मेष	: अप्रत्यसित लाभ	तुला	: झमेला बढ्ने
वृष	: आर्थिक समस्या	वृश्चिक	: कार्यमा सफलता
मिथुन	: मानसिक तनाब	धनु	: मन चञ्चल
कर्कट	: शारीरिक झमेला	मकर	: सहयोग मिल्नेछ
सिंह	: ब्यापारमा लाभ	कुम्भ	: सत्कार मिल्नेछ
कन्या	: शत्रुको भय	मीन	: सम्मान मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

म्याग्दीमा बाँसको व्यावसायिक खेती

पोखरापत्र संवाददाता
म्याग्दी, २९ साउन

म्याग्दीमा बहुउपयोगी बाँसको व्यावसायिक खेती गर्नेक्रम बढ्दै गएको छ। समाजमा मर्दापर्दासमेत आवश्यकपर्नेबाँसनेपालीसमाजको अभिन्न अङ्ग जस्तै बनेको छ।

जिल्लामा फस्टाएको बाँसखेतीबाट किसानको आयआर्जन वृद्धि गरी जीवनस्तर उकास्नसमेत मद्दत गरेको छ । मानव जीवनको जन्मदेखि मृत्युसम्मका विभिन्न काममा आवश्यक पर्ने बाँसलाई पवित्र सामग्रीका रुपमा लिने गरिन्छ । बाँसबाट डोको, डालो, नाङ्लो, थुन्से, भकारी, मान्द्रो र सोली जस्ता सामग्री बनाउने गरिन्छ । बाँसबाट बनेका यस्ता सामानको घरायसी प्रयोजनका लागि दैनिकरुपमा प्रयोग गरिँदै आएको छ।

पछिल्लो समयमा सहरबजार क्षेत्रका घर तथा भवनको निर्माणमा समेत बाँसको प्रयोग हुन थालेपछि यसले बजार पाउन थालेको छ । म्याग्दीमा खोला किनार र खेतबारीका कान्ला र डिलमा व्यवस्थितरुपमा बाँसको खेती गर्न थालिएको छ । अहिले बाँस खेतीले व्यावसायिक रुप लिएको छ । नेपालका तराईदेखि मध्य पहाडसम्म प्राकृतिकरूपमै बाँस सप्रन्छ । यो वनस्पतिका एक हजार ४०० प्रजाति रहेका वन पैदावर तथा वनस्पातिका जानकार जीवनप्रसाद राईले बताउनुभयो । विश्वमा ५०० प्रजातिका बाँसको व्यावसायिक खेती गरिएको पाइन्छ।

बाँस कम लगानीमा हुर्काउन सकिने र चाँडो बढ्ने वनस्पतिमा पर्छ । सिँचाइ नहुने र बाँदर लाग्ने ठाउँमा पनि गोडमेल नगरेरै बाँस सप्रिन्छ। अन्न फल्न मुश्किल पर्ने जमिनमा पनि बाँसको व्यावसायिक खेती गर्न सकिने राईले बताउनुभयो । बेनी नगरपालिकासहित छवटै स्थानीय तहमा बाँसखेती सप्रिएको छ। बाँसका आधा दर्जन जातमध्ये भालुबास, तामेबास र मलबास निकै फस्टाएको डिभिजन वन कार्यालयले जनाएको छ । यहाँ उत्पादन भएका बाँस सदरमुकाम बेनीलगायतका ठाउँमा बिक्रीवितरणका लागि व्यापारीले लैजाने गरेका छन्। एउटा बाँसको मूल्य रु एक सयदेखि रु तीन ससयसम्म पर्दछ।

म्याग्दीबाट हरेक वर्ष २४ हजार टन बाँस बिक्री हुने गरेको तथ्याङ्क छ । बाँसबाट निर्माण भएका नाङ्ला, डाला, मान्द्रालगायतका सामान विभिन्न स्थानमा बिक्रीवितरण गर्न पुऱ्याइने गरिएको छ। ज्यामरुककोट, अर्मन, बाबियाचौर, मालिकालगायत स्थानमा व्यावसायिक बासको खेती सुरु गरिएपछि स्थानीय किसानको आयआर्जनमा वृद्धि हुन थालको छ । सहरीकरणको विकाससँगै घर तथा भवनको निर्माणमा तीव्रता आएपछि बाँसको खपत बढेर गएको छ।

बाँसका घरायसी तथा आधुनिक सामान निर्माण गर्नका लागि जिल्लाको ग्रामीण बस्तीमा साना तथा घरेलु उद्योगसमेत सञ्चालन भएका छन् । बाँसबाट हस्तकलाका आकर्षक डोको, डालो, नाङ्लो, पाथी, खोगी, पेरिङ्गो, थुन्से, मान्द्रो, खेलौना, आलमारी, ह्याङ्गर, टेबुल-कुर्सी, सोफालगायत फर्निचर बनाएर आय बढाउन सकिने डिभिजन वन कार्यालयका प्रमुख चन्द्रमणि सापकोटाले बताउनुभयो ।

म्याग्दी र मुस्ताङमा चिस्यान गृह निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २९ साउन

सुन्तला र स्याउलाई भण्डारण गरेर बेमौसममा बजारमा आपूर्ति गर्ने उद्देश्यले म्याग्दी र मुस्ताङमा सात चिस्यान गृह निर्माण गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाअन्तर्गत पछिल्लो तीन वर्षमा मुस्ताङमा ६ र म्याग्दीमा एउटा चिस्यानगृह निर्माण गरिएको हो।

स्याउ र सुन्तलाको व्यावसायिक उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रमको सहयोगमा चिस्यान गृह निर्माण गरिएको परियोजनाका प्रमुख वरिष्ठ पशु चिकित्सक डा सुधीर थापाले बताउनुभयो। "निजी फार्म, किसान समूह र सहकारीलाई चिस्यान गृह बनाउन कूल लागतको ८५ प्रतिशतसम्म अनुदान दिइएको छ," उहाँले भन्नुभयो, "मुस्ताङमा निर्माण भएका चिस्यान गृहका कारण किसानले स्याउलाई भण्डारण गरेर बेमौसममा बढी मूल्यमा बेच्न पाएका छन् ।" आर्थिक वर्ष २०७६/७७ मा पाँच टन क्षमताको एउटा, आव २०७७/७८ मा ४२ टन क्षमताका तीन र आर्थिक वर्ष २०७८/७९ मा ३० टन क्षमताका तीन चिस्यान गृह निर्माण गरिएका थिए । मुस्ताङको मार्फा, पाण्डाखोला, जोमसोम, चिम्ले, धवाङ र म्याग्दीको नारच्याङमा चिस्यान गृह निर्माण गरिएको परियोजनाले जनाएको छ।

परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले चालु आर्थिक वर्ष २०७९/८० मा चार चिस्यान गृह बनाउने कार्यक्रम रहेको जानकारी दिनुभयो । वातावरण अनुकूल बनाउन उपकरण जडान भएको चिस्यान गृहमा भण्डारण गर्दा बजार नपाउने समस्या हट्नुका साथै बढी मूल्यमा बिक्री गर्न पाएका छन्। परियोजनाको पहलमा मुस्ताङमा असोज महिना लागेपछि मात्र स्याउ बजारमा पठाउने नियम बनाइएको छ । स्याउको गुणस्तर घटेको गुनासो न्यूनीकरण र मुस्ताङी स्याउको ब्राण्ड बचाउन स्थानीय तहसँग समन्वय गरेर पछिल्ला दुई वर्षयता पाकेपछि मात्र स्याउ बजार पठाउने गरिएको परियोजनाका प्रमुख थापाले बताउनुभयो।

परियोजनाले मुस्ताङमा स्याउ, च्याङ्ग्रा, म्याग्दीमा बङ्गुर, आलु, म्याग्दी, पर्वत र बागलुङमा सुन्तलाको जोन कार्यक्रम सञ्चालन गरेको छ। कूल ३७९ फर्म, समूह र सहकारी लाभान्वित पाँच वटै जोन कार्यक्रममार्फत हालसम्म रु ११ करोड ८८ लाख बजेट खर्च भएको छ । ३५२ हेक्टर सुन्तला, ५४.३३ हेक्टर स्याउ खेती विस्तार, ६९ साना सिँचाइ आयोजना निर्माण, ११ सुन्तला, तीन स्याउको नर्सरी स्थापना, छ मासु पसल, १९ बङ्गुरको खोर, पाँच बङ्गुर खोरमा गोबर ग्यास पलान्ट, दुई पाठापाठी उत्पादन गर्ने खोर र ११ च्याङ्ग्राको गोठ सुधारमा सहयोग भएको परियोजनाले जनाएको छ।

स्याउ जोनमार्फत चार ग्रेडिङ मेसिन, ६५ मिनिटेलर, ४१ पावर स्प्रे, ६० ग्रास कटर, ५१ डिजिटल तराजु, २३ ह्याड स्प्रे, ३७ फुट स्प्रे, ४७ सुकुटी बनाउने मेसिन, १६३ सानो सिकेचर, १० ठूलो सिकेचर, ७१ स्याउ पिकर, ४८ क्लिपर, ७३ करौती र दुई हजार १९० थान क्रेट वितरण गरिएको छ। सुन्तला जोनमार्फत ३३ फल टिप्ने झ्याङ, ८२ मिनिटेलर, ९६ पावर स्प्रे, छ ग्रास कटर र १२ डिजिटल तराजु, २६ ब्याट्री स्प्रे वितरण गरिएको परियोजनाले जनाएको छ।

बागलुङ नगरपालिद्वारा पाँच प्रकारका सेवा गाउँमै

रासस
बलेवा, २९ साउन

बागलुङ नगरपालिकाले पहिलोपटक पाँच प्रकारका सेवा लिएर गाउँमा पुगेको छ।

योजना सम्झौता, स्वास्थ्य शिविर, अपाङ्गता परिचयपत्र, वित्तीय साक्षरता र माटो परीक्षण सेवा लिएर बागलुङ नगरपालिका गाउँमा पुगेको हो । सम्झौता बागलुङ नगरपालिकाले चालु आर्थिक वर्ष सुरु भएसँगै वडामै पुगेर आम नागरिकलाई सेवा दिने उद्देश्यले वडा तहमै सेवा प्रवाह घुम्ती शिविर सञ्चालन गर्न थालेको छ। नगरपालिकाले शनिबार रायडाँडा घुम्ती सेवा शिविर सञ्चालन सुरु गरेको छ।

आगामी भदौ २४ गतेभित्र नगरभित्रका १० वडामा घुम्ती शिविर सम्पन्न हुनेछ। विषेशगरी सदरमुकामभन्दा बाहिर ग्रामीण क्षेत्रमा रहेका वडाहरूका उपभोक्ता र आम नागरिकको समस्यालाई मध्यनजर गरी आइतबारदेखि घुम्ती शिविरको आयोजनागरिएकोनगरपालिकाका नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । शिविरमा वडामा सञ्चालन हुने योजना सम्झौता गर्ने भएको छ । आम उपभोक्ताको सहजताका लागि नगरपालिकाको कार्यालयबाट विनियोजन भएका नगरस्तरीय योजना र वडाबाट छनोट भएका वडास्तरीय योजनाको सम्झौता सम्बन्धित वडाबाटै गर्न लागिएको उहाँको भनाइ छ। नगरपालिकाले विषेशगरी ग्रामीण क्षेत्रमा रहेका वडा नं ५, देखि वडा नं १४ सम्मका आम उपभोक्तालाई लक्षित गरी घुम्ती शिविर सञ्चालन गर्ने जनाएको छ।

शिविरमा योजना सम्झौतका साथमा स्वास्थ्य सेवा शिविर, माटो परीक्षण, अपाङ्गता परिचयपत्र वितरण अनुशिक्षण तथा सचेतना कार्यक्रम वित्तीय साक्षरता, बालमैत्री नगरपालिका पूर्वाधार कृषक सचेतना तथा प्राविधिक सल्लाहलगायतका कार्यक्रम पनि गाउँमै पुगेर दिन थालिएको नगरप्रमुख श्रेष्ठले जानकारी दिनुभयो । "भूगोलको हिसाबले नगर क्षेत्रभित्र केही टाढा रहेका वडासमेत छन्, उनीहरू नगरमा योजना सम्झौता तथा अन्य सेवा लिनका लागि असहज भएको हामीले महसुस गरेका थियौँ", उहाँले भन्नुभयो, "अब नागरिक नगरपालिकामा होइन, नगरपालिका नागरिककामा पुग्नुपर्छ भन्ने हाम्रो अभियान हो ।" आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमअनुरुप सबै योजना कार्यान्वयन गर्नका लागि शिविरले ठूलो भूमिका पुऱ्याउने विश्वास लिएको भन्दै नगर उपप्रमुख राज खड्काले ८० प्रतिशत योजना वडामै सम्झौता गर्ने जनाउनुभयो ।

आम उपभोक्ताको समस्यालाई मध्यनगर गरी हरेक वडामा सेवा प्रवाह गर्ने उद्देश्यले घुम्ती शिविरमाफर्त योजना सम्झौतालगायतका काम अगाडि बढाइएको छ । शिविरमा सेवा प्रदान गर्नका लागि नेपाली सेनालागायतका विभिन्न कार्यालय र सङ्घसंस्थाले सहयोग गरेका छन् । शिविरमा झण्डै ८० प्रतिशत योजना तथा कार्यक्रम सम्झौता गर्ने लक्ष्य रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले जानकारी दिनुभयो । आगामी मङ्सिर मसान्तभित्र सबै योजना सम्झौता गरी काम अगाडि बढाउने गरी नगरपालिकाले योजना बनाएको छ । शिविरमा योजना सम्झौतापश्चात उपभोक्ता समितिको खाता पनि त्यही खोल्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो। वडाभित्रका टोल अर्थात् साविकको वडामा टोल समिति बनाएर सोही टोल समितिमार्फत योजनाका काम अगाडि बढाइने सापकोटाले बताउनुभयो । टोल विकास समितिले रु पाँच लाखसम्मको योजनाको काम गर्न पाउनेछन्। काम सम्पन्न भएर सबै वडा तहमै अनुगमन भएपश्चता नगरपालिकाले भुक्तानी दिने छ। नगरपालिकाले यस वर्षदेखि रु १० लाखसम्मको योजना वडा तहबाटै अनुगमन गर्न मिल्ने बनाएको नगर उपप्रमुख खड्काले जानकारी दिनुभयो। प्रत्येक वडामा प्राविधिक खटाएर रु १० लाखसम्मका योजना वडाध्यक्ष र वडासचिवसहितको टोलीले अनुगमन गरी सिफारिस गरेको आधारमा नगरपालिकाले भुक्तानी दिने उहाँको भनाइ छ।

यस्तै नगरपालिकाले महिलाको नेतृत्व गरेको उपभोक्ता समिति वा टोला विकास संस्थामार्फत योजनाको कार्यान्वय गर्दा १० प्रतिशत मात्र लागत सहभागिता गराउने भएको छ भने पुरुषले नेतृत्व गरेको समितिमा १५ प्रतिशत नै लागत सहभागिता गराउने भएको छ । त्यस्तै उपभोक्ता समिति र टोल विकास संस्थाले आफूले जिम्मा लिएको काम ठेक्का लगाउन नहुने आफैँले गर्नुपर्ने बनाएको छ।

किशोरीलाई आइरन र फोलिक एसिड क्याप्सुल खुवाइँदै

पोखरापत्र संवाददाता
बागलुङ, २९ साउन

फलेबास नगरपालिकाले नगरभित्रका १० देखि १९ वर्ष उमेर समूहका सबै छात्रा तथा किशोरीलाई 'आइरन' र 'फोलिक एसिड' खुवाउने अभियान थालेको छ।

किशोरीमा तत्कालका लागि रक्तअल्पताबाट जोगाउन र भविष्यमा कुपोषित बच्चा जन्माउने क्रमलाई रोक्नका लागि यही साउनदेखि हरेक विद्यालय वा समुदायमा पुगेर ' आइरन' र 'फोलिक एसिड' मिसिएको क्याप्सुल खुवाउन थालिएको नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख रुद्र शर्मा सापकोटाले बताउनुभयो।

नगरभित्रका १० देखि १९ वर्ष उमेर समूहका किशोरीको सङ्ख्या यति नै छ भन्ने तथ्याङ्क नभएको भए पनि यो अभियानको पहिलो चरण पूरा हुने बेलामा सङ्ख्या यकीन हुने उहाँको भनाइ छ । पहिलो चरणमा साउनदेखि असोजसम्मका १३ हप्ता र दोस्रो चरणमा माघदेखि चैतसम्मका १३ हप्ता गरी एक किशोरीले एक वर्षमा कूल २६ क्याप्सुल खाने छन् ।

"यो अभियान हरेक वर्ष हुने छ, १० देखि १९ वर्ष उमेर समूहमा पर्ने हरेक किशोरीले यो क्याप्सुल खाएको हुनुपर्छ, वडामा रहेका स्वास्थ्यसंस्थामार्फत विद्यालयमा यो काम चलिरहेको छ", स्वास्थ्य शाखा प्रमुख सापकोटा भन्नुभयो, "पहिलो र दोस्रो चरण दुवै चरणमा हरेक वर्ष खाने हो, यदि कसैको पहिलो चरणमा छुटेको भएमा दोस्रो चरणबाट भए पनि सुरु गरेको हुनुपर्छ, तर यसमा कोही पनि छुट्दैनन् ।" क्याप्सुल खुवाउनका लागि हरेक हप्ता स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविका विद्यालयमा पुग्नेछन्।

नगरभरि नै अभियान चलेका कारण स्वास्थ्यकर्मीको अभाव भएमा विद्यार्थीको चाप केही कम रहेका विद्यालयमा भने शिक्षकलाई जिम्मेवारी दिएर क्याप्सुल खुवाइने छ।

'जङ्क फुड' तथा आफूले दैनिकरूपमा खाने भोजनमा पनि सन्तुलन नमिलाएका कारण धेरै किशोरीमा रक्तअल्पता र कुपोषणको समस्या देखिँदै गएका विभिन्न अध्ययन प्रतिवेदनमा उल्लेख छन् । किशोरी नै कुपोषित हुँदा भविष्यमा उनीहरूले जन्माउने बच्चा पनि कुपोषित हुने तथा कुपोषित बच्चाले पुनःकुपोषित बच्चा नै जन्माउने जोखिम उच्च रहने भएकाले कुपोषणको चक्र तोड्नका लागि अभियान थालिएको सापकोटाको भनाइ छ।

नगरका सेवा घरदैलोमा

पोखरापत्र संवाददाता
बागलुङ, २९ साउन

बागलुङ नगरपालिकाले आइतबारदेखि सुरु गरेको 'सेवा प्रवाह घुम्ती शिविर' बाट ग्रामीण भेगका नागरिकले लाभ उठाएका छन् । पहिलो चरणअन्तर्गत वडा नं. ११ रायडाँडामा सञ्चालित शिविरमा योजना सम्झौता, अपाङ्गता परिचयपत्र वितरण, निःशुल्क स्वास्थ्य जाँच तथा औषधि वितरण, माटो परीक्षणलगायत सेवा प्रदान गरिएको थियो।

शिविरमा रु १० लाखभन्दा माथिका तीन र १० लाख मुनिका पाँच योजना सम्झौता गरिएको वडाध्यक्ष ज्ञानेन्द्र गौतमले जानकारी दिनुभयो।

शिविरमा सञ्चालित निःशुल्क स्वास्थ्य जाँच तथा उपचार सेवाबाट एक सय ४० लाभान्वित भएका छन् । जसमध्ये ४३ महिलाको पाठेघर जाँच र उपचार गरिएको जनाइएको छ । १७ महिलाले यौनजन्य रोगको उपचार र चारले परिवार नियोजनको सेवा पाएको नगरपालिकाले जनाएको छ।

स्वास्थ्य शिविरबाट अधिकांश उच्च रक्तचाप र हाडजोर्नीका बिरामीले लाभ लिएको नगरपालिकाका जनस्वास्थ्य निरीक्षक डिल्लीप्रसाद आचार्यले जानकारी दिनुभयो । २८ जनालाई अपाङ्गता परिचपत्र वितरण गरिएको छ। जसमा 'क' वर्गका पाँच, 'ख' वर्गका १५, 'ग' वर्गका छ र 'घ' वर्गका दुई छन्।

शिविरकै अवसरमा कृषि प्राविधिकले किसानको खेतबारीमै पुगेर माटोको गुणस्तर परीक्षण गरेका थिए। छ स्थानको माटाको प्राररम्भिक नमूना परीक्षण गरिएको नगरका कृषि शाखा प्रमुख राहुले केसीले बताउनुभयो । उहाँका अनुसार परीक्षणका क्रममा दोमोट प्रकारको माटो पाइएको छ।

साढे चार दशकदेखिको सपना साढे चार महिनामा पूरा हुँदै

–वासुदेव पौडेल/कृष्ण दवाडी

पोखरा, २९ साउन (रासस)

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउने पोखरेली जनताको साढे चार दशकदेखिको सपना अब भने पूरा हुने अवस्थामा छ । सरकारको घोषित कार्यक्रमअनुसार अबको साढे चार महिनामा यस विमानस्थलबाट उडान हुनेछन् ।

घोषित योजनाअनुसार चुनौतीका रुपमा खडा भएका ल्याण्डफिल साइटलगायतका केही काम सम्पन्न भएमा आगामी सन् २०२३ को जनवरी १ देखि नवनिर्मित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा उडान हुनेछन् । विमानस्थल निर्माणकै लागि २०३४ सालदेखि जग्गा अधिकरण गरे पनि लामो समयसम्म काम अघि बढ्न नसकेकामा चिन्तित पोखरावासी यसको निर्माण थाल्नुपर्ने मागसहित लामो समयसम्म सङ्घर्ष गरेको अभियन्तामध्येका एक विश्वशङ्कर पालिखे बताउनुहुन्छ।

“पोखरेलीको लामो समयदेखिको सङ्घर्षको प्रतिफलस्वरुप विमानस्थल सञ्चालनमा आउने अवस्थामा पुग्नु समग्र पोखरेली एवं गण्डकी प्रदेशका लागि हर्षको विषय हो”, पोखरा उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष एवं नेपाली कांग्रेस कास्कीका प्रवक्तासमेत रहेका उहाँले भन्नुभयो, “विमानस्थल सञ्चालनमा आउनुपूर्व ल्याण्डफिल साइटको व्यवस्थापनसँगै सयौँ वर्षदेखि यस क्षेत्रमा आवतजावत गरिरहेका चराको व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।” नवनिर्मित विमानस्थलको नजिकै रहेको ल्यान्डफिल साइटका कारण चराको गतिविधि निकै रहेको बताउँदै उहाँले ल्याण्डफिल साइट अन्यत्र व्यवस्थापन भए पनि तत्कालै चराका गतिविधि रोक्ने सकिने वा नसकिने कुरामा गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

चराका कारणले कुनै दुर्घटना हुन पुग्यो भने त्यसले नकारात्मक असर पार्ने हुँदा बेलैमा त्यसबारे सोचेर अघि बढ्नु जरुरी रहेको उहाँको भनाइ छ । अभियन्ता पालिखेका अनुसार विमानस्थलको निर्माणका लागि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सरोकार समितिले २०६८ चैत ११ गते विज्ञप्ति प्रकाशन गर्दै सङ्घर्षका कार्यक्रम सुरु गरेकामा चैत १७ गते राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, प्रधानमन्त्री, अर्थमन्त्री, पर्यटनमन्त्री, सार्वजनिक लेखा समिति, प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूलाई पत्राचार गरेको थियो । त्यसयता समयसमयमा विज्ञप्ति, भेला, सरोकारवालाको ध्यानाकर्षण गरेकामा २०६९ सालको दसैँ, तिहारजस्ता चाडपर्वमा समेत एकसय ५३ शृङ्खलासम्म दुई हजार चारसय दुई जनाद्वारा रिले अनसन गरिएको थियो । विमानस्थल निर्माणका लागि पोखरेली जनताको लामो सङ्घर्षको इतिहास जोडिएको पालिखेले बताउनुभयो ।

चार वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७३ वैशाख १ गते शिलान्यास गर्नुभएको थियो। निर्माणको जिम्मा चिनियाँ निर्माण कम्पनी सिएमसिइले पाएको थियो । चीनको एक्जिम बैंकको ऋण तथा अनुदान सहयोगमा करिब २२ अर्ब रुपैयाँको लागतमा विमानस्थलको निर्माण भएको हो। विमानस्थल करिब ती हजार ७०० रोपनी क्षेत्रफलमा निर्माण भएको छ।

विमानस्थल सञ्चालनका लागि तयार भइसकेको र ल्याण्डफिल साइटको व्यवस्थापन र रिठ्ठेपानीको डाँडा कटानको काम बाँकी रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानलस्थल निर्माण आयोजनाका प्रमुख विनेस मुनकर्मीले जानकारी दिनुभयो । उहाँका अनुसार डाँडा कटानको काम आगामी अक्टोबरभित्र नै सकिनेछ । विमानस्थलमा न्यारोबडी एयर बस तीनसय २० र बोइङ सातसय ३५ जहाज उडान र अवतरण गर्न सकिन्छ जुन दुईसय सिटभन्दा कम क्षमताका हुन् । यस विमानस्थलमा तीन ठूला र आठ साना गरी ११ वटा जहाज पार्किङ क्षमता रहेको छ। धावन मार्ग दुई हजार पाँचसय मिटरको रहेको विमानस्थलको चौडाइ ४५ मिटर छ । विमानस्थलमा १४ वटा आन्तरिक र अन्तर्राष्ट्रिय टर्मिनल भवन रहेका छन् । विमानस्थलको ९३ प्रतिशत काम सम्पन्न भएपछि गत चैतमा चिनियाँ निर्माण कम्पनीले महत्वपूर्ण पूर्वाधार सकिएको भन्दै नेपाललाई हस्तान्तरण गरेको थियो। विमानस्थलको मुख्य भवनसँगै १४ भवनको निर्माण र सजावट गरिसकिएको छ । त्यस्तै आन्तरिक र बाह्य टर्मिनल भवन, धावनमार्ग, एयर ट्राफिक कन्ट्रोल रुम, ट्याक्सी वे, पार्किङ तथा ड्रेन, हाई मास्ट फ्लड लाइट, ट्रान्सफर्मर बक्स, फुटपाथ, लिफ्ट, विमानस्थललाई राजमार्गसँग जोड्ने सडक, विमानस्थलभित्रका स्थानलाई जोड्ने सडक, जहाज पार्किङ, एयर साइड र ल्यान्ड साइडलगायतका काम सबै सम्पन्न भइसकेका छन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को अघिल्लो आइतबार बसेको सञ्चालक समितिको बैठकले आगामी पुस १७ गते (सन् २०२३ जनवरी १) देखि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउने निर्णय गरिसकेको छ। विमानस्थल सञ्चालनमा मुख्य बाधक मानिएका ल्याण्डफिल साइटलगायतका समस्या समाधान नहुँदासम्म हवाई उडान सञ्चालन सम्भव नहुने विज्ञहरूले बताउँदै आएका छन् । मुख्य समस्याका रुपमा देखिएको ल्याण्डफिलसाइट सार्ने विषय महानगरपालिकाका लागि पेचिलो बनेको छ।

पोखरा महानगरपालिका-१४ बाच्छेबुडुवामा ल्यान्डफिल साइट सञ्चालनमा आइरहेकामा विमानस्थल सञ्चालनका लागि यो उक्त ठाउँबाट हट्नुपर्ने टड्कारो आवश्यकता छ। महानगरपालिकाले विकल्पका रुपमा विभिन्न स्थान खोजिरहे पनि समस्याको समाधान हुन सकेको छैन । हाल ल्याण्डफिल साइट रहेको बाच्छेबुडुवा नवनिर्मित विमानस्थलबाट करिब दुई किलोमिटर दूरीमा पर्दछ। यसका कारण चराको आवतजावत निकै हुने भएकाले पनि यहाँबाट तत्काल यसलाई अन्यत्र व्यवस्थापन गरिनुपर्ने विषय यतिखेर पेचिलो बन्दै गएको छ। आगामी जनवरी १ मा हुने उडानलाई प्रभाव नपार्ने गरी ल्याण्डफिल साइटको स्थानान्तरणका लागि महानगरपालिकाले आश्वासन दिएको नागरिक उड्डयन कार्यालय पोखराका प्रमुख विक्रम गौतमले जानकारी दिनुभयो । विमानस्थल सञ्चालनका लागि सम्बद्ध सबै निकायमा छलफल भइरहेको उहाँले बताउनुभयो । महानगरपालिकाले यसअघि ल्यान्डफिल साइडको व्यवस्थापनका लागि विभिन्न ठाउँ नखोजेको भने होइन । पछिल्लो समय पोखराको वडा नं ३३ भरतपोखरीको टिमुरपाटामा ल्याण्डफिल साइट व्यवस्थापनका लागि तयारी गरे पनि त्यसको स्थानीयवासीले विरोध जनाइसकेका छन् । महानगरपालिकाले आर्थिक वर्ष २०७९/८० को बजेटमा वडा नं ३३ टिमुरापाटामा ल्यान्डफिल साइट व्यवस्थापनका लागि १० करोड रुपैयाँ विनियोजन गरिसकेको थियो । यता नागरिक उड्डयन प्राधिकरणले रिट्ठेपानी डाँडा कटानको माटो हाल रहेको ल्याण्डफिल साइट पुर्नका लागि प्रयोग गर्ने तयारी गरेको छ । ल्याण्डफिलसाइट पुरेपछि खानाको अभावमा चरा बाहिरिने र आसपासका रुख नभएपछि चराको आवतजावत रोकिने विश्वास लिइएको छ।

लामो समय उक्त क्षेत्रमा विचरण गरिरहेका चरा सार्ने विषयलाई भने यस क्षेत्रमा काम गर्नेले त्यति सजिलो मानेका छैनन् । अहिलेको ल्याण्डफिल साइट हटाए पनि त्यहाँ चराको आवतजावत रोक्न न्यूनतम एक वर्ष समय लाग्ने चराका क्षेत्रमा काम गरिरहनुभएका पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरे बताउनुहुन्छ । ल्याण्डफिल साइटमा गिद्ध, चिललगायत थुप्रै प्रजातिका चराहरूको बासस्थान भएको बताउँदै उहाँले आगामी तीन महिनाभित्रै ल्याण्डफिलको व्यवस्था भइसके पनि त्यसबीचको छोटो अवधिमा चरालाई अन्यत्र बासस्थान सार्ने बनाउन नसकिने घिमिरेको तर्क छ । उक्त क्षेत्रमा वर्तमानमा धेरै चराहरु खाने र बस्ने गर्दछन् । उक्त क्षेत्रमा क्षेत्रमै चराहरुले गुँड लगाएका कारण तीनलाई तत्कालै अन्यत्र सार्न सम्भव नभएको उहाँले बताउनुभयो ।

विमानस्थलको उत्तरपूर्व विजयपुर खोला र आसपासको क्षेत्रमा गिद्ध र चिल बस्नुका साथै दैनिक आहारा खोज्ने गर्दछन् । सेती नहर हुँदै आउने मरेका जनावरको सिनोको खोजीमा दैनिक गिद्धहरू यस क्षेत्रमा घुम्ने गरेको घिमिरेको भनाइ छ। तथ्याङ्कअनुसार विमानस्थल रहेको क्षेत्रमा विभिन्न एकसय ६२ प्रजातिका चरा पान्इछ। यसअन्तर्गत एकसय ६२ मध्ये पाँच प्रजाति अति सङ्कटापन्न र दुई वटा सङ्कटापन्न प्रजातिका गिद्ध र चरा यस क्षेत्रमा बस्दै आएका छन् । ल्याण्डफिल साइटकै क्षेत्रमा सेतो गिद्धले पहारामा र सानो खैरो गिद्धले सन् २०१४ यता रुखमा गुँड बनाउने गरेको छ।

महिला कैदीबन्दीलाई सेनेटरी प्याड सहयोग

पोखरापत्र संवाददाता

तनहुँ, २९ साउन

तनहुँ कारागारका महिला कैदीबन्दीलाई सेनेटरी प्याड सहयोग गरिएको छ।

महिला मानवअधिकार रक्षक सञ्जाल तनहुँले कारागारमा रहेका महिला कैदीबन्दीलाई शनिबार सेनेटरी प्याड सहयोग गरेको हो । सेनेटरी प्याड नहुँदा महिला कैदीबन्दीलाई समस्या हुँदै आएको गुनासो आएपछि सञ्जालले प्याड सहयोग गरेको हो । सञ्जालकी अध्यक्ष कल्पना पोखेल, उपाध्यक्ष वसुन्धरा घर्ती, सचिव अञ्जना तिमिल्सिनाले महिला कैदीबन्दीका चौकीदार मनुमाया सुनारलाई सेनेटरी प्याड हस्तान्तरण गर्नुभएको छ। सञ्जालले एक सय ५० थान प्याड उपलब्ध गराएको छ।

सेनेटरी प्याडका अभावमा समस्या हुँदै आएको थाहा पाएपछि सञ्जालका सदस्यबाट रकम सङ्कलन गरी प्याड सहयोग गरिएको अध्यक्ष पोखेलले जानकारी दिनुभयो । “विभिन्न अपराधमा सजाय भोगेका र पुर्पक्षका लागि थुनामा रहेका कैदीबन्दीले मानवअधिकारको आधारभूत आवश्यकता पाउनुपर्छ, सेनेटरी प्याड नभएको विभिन्न माध्यमबाट जानकारीमा आएपछि सहयोग गरेका हौँ”, उहाँले भन्नुभयो । सञ्जालले महिला मानवअधिकार संरक्षणका लागि काम गर्दै आएको छ । त्यस्तै महिलाका अधिकार सुनिश्चित गराउनका लागि सरकारी निकायलाई ध्यानाकर्षण गराउँदै आएको सचिव तिमिल्सिनाले जानकारी दिनुभयो । कारागारमा हाल १२ जना महिला कैदीबन्दी रहेको कारागारका निमित्त प्रमुख नारायण अधिकारीले जानकारी दिनुभयो। गत फागुनदेखि तनहुँमा महिला बन्दीगृह निर्माण गरी महिला कैदीबन्दी राख्न थालिएको छ। “भर्खरै मात्र महिला कैदीबन्दी गृह सञ्चालनमा आएकाले हाम्रो पनि यसतर्फ ध्यान जान सकिरहेको थिएन”, उहाँले भन्नुभयो, “सेनेटरी प्याडका विषयमा विभिन्न माध्यमबाट प्रचार-प्रसारमा आएपछि अन्य सङ्घसंस्थाले पनि यसमा चासो देखाउनुभएको छ ।” महिला बन्दीगृहको क्षमता २० रहेको थियो।

तनहुँमा महिला बन्दीगृह निर्माण भएपछि कास्की पठाउनुपर्ने बाध्यताको अन्त्य भएको छ। महिला बन्दीगृह नहुँदा कैदीबन्दीलाई पोखरा वा अन्यत्रै पठाउनुपर्ने बाध्यता रहेकामा अब उक्त बाध्यता अन्त्य भएको छ। कारागारको पुराना कार्यालय भवन र सुरक्षा ब्यारेकलाई मर्मत र कम्पाउण्ड गरी महिला बन्दीगृह सञ्चालन गरिएको हो। कारागारमा नयाँ भवन निर्माण भएपछि पुराना भवनलाई महिला बन्दीगृह बनाइएको हो।

बाह्य पर्यटकको भ्रमण गन्तव्य मनाङ

–नवीन लामिछाने

मनाङ, २९ साउन

बाह्य पर्यटक नेपाल आउने क्रममा विशेषगरी मनाङलाई मुख्य गन्तव्य बनाएर आउने गरेको पाइएको छ। प्राङ्गारिक खाद्य पदार्थ, प्राकृतिक रहनसहन, रमणीय वातावरणको अवलोकनका लागि मनाङ देशकै प्रसिद्ध गन्तव्यको स्थल मानिन्छ।

बाह्य पर्यटक विशेषगरी नेपाल भ्रमण तालिकासहित आउँदा मनाङलाई भ्रमणको मुख्य सूची बनाएर आउने गर्दछन् । सबैभन्दा उचाइमा रहेको तिलिचो ताल र थोराङ्ला पास हुँदै हिमाली क्षेत्रको अवलोकन र मनोरम दृष्यको अनुभव संगाल्ने लक्ष्यका साथ उनीहरु यहाँ आउने गर्दछन् । साहसिक खेल मन पराउने पर्यटकका लागि मनाङलाई मुख्य गन्तव्यस्थलकैरुपमा लिने गरिन्छ । अघिल्ला दुई वर्ष भने कोभिडको सङक्रमणले पर्यटक आगमन ठप्प भयो । गत आर्थिक वर्षमा भने कोभिडको सङ्क्रमण केही मथ्थर हुँदै गएपछि हिमाली जिल्ला मनाङ भित्रिन बाह्य पर्यटकको सङ्ख्या बढेको छ। आव २०७७/७८ भन्दा आर्थिक वर्ष २०७८/७९ मा मनाङ आउने बाह्य पर्यटक वृद्धि भएको तथ्याङ्क देखिन्छ।

यस अवधिमा नेपालमा भित्रिने कूल दुई लाख ८५ हजार तीनसय ६३ बाह्य पर्यटकमध्ये मनाङमा मात्रै सात हजार २० पर्यटक भित्रिए । आर्थिक वर्ष २०७८/७९ मा पुरुष चार हजार सातसय ४९ र महिला दुई हजार दुईसय ७० गरी कूल सात हजार २० बाह्य पर्यटक मनाङ भित्रिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार गत आवको कात्तिक, चैत र वैशाखमा बढी विदेशी पर्यटक मनाङ भित्रिएका थिए।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीमा अनुमति प्रवेश लिएको आधारमा यस तथ्याङ्क सङ्कलन गरिएको हो । आव २०७८/७९ को साउनमा दुई, भदौमा २०, असोजमा तीनसय २२, कात्तिकमा एक हजार १५, मङ्सिरमा तीनसय ६६, पुसमा ८६, माघमा ५१, फागुनमा पाँचसय २८, चैतमा दुई हजार ४७, वैशाखमा एक हजार नौसय ३६, जेठमा चारसय ८५ र असारमा एकसय ६२ पर्यटक भित्रिएको तथ्याङ्कमा उल्लेख छ । “जिल्लामा बाह्य पर्यटक भित्रिँदा जिल्लाको आम्दानी पनि वृद्धि हुन्छ। बाह्य पर्यटकलाई अनुमतिविना प्रवेश दिइँदैन भने आन्तरिक पर्यटकको भने तथ्याङ्क राखिएको हुँदैन। शुल्क नलिए पनि तथ्याङ्क राख्ने व्यवस्था गर्नुपर्छ”, उहाँ भन्नुहुन्छ। आव २०७७/७८ मा कोभिड सङ्क्रमणका कारण मनाङमा कूल छसय तीन बाह्य पर्यटक भित्रिएको एक्यापले जनाएको छ । जिल्लामा सबैभन्दा धेरै सार्क राष्ट्रबाट पर्यटक भित्रिएका छन् । वर्षायाममा सवारीसाधन आवतजावतमा समस्या हुने भएकाले पर्यटक घट्दा अझै पदमार्ग सुनसान भएको छ । सबैभन्दा बढी फ्रान्स, जर्मनी, इटलीलगायतका देशका नागरिक मनाङको भ्रमणमा आउने गरेको एक्यापले जनाएको छ। अब वर्षायाम सकिएपछि आगामी भदौ १५ गतेदेखि पर्यटक बढ्न थाल्नेछन्। पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ्लापास गरी मुस्ताङ पुग्ने गर्दछन्। थोरालाङ्ला पास गरी मुस्ताङ हुँदै पोखरा पुग्नेगरी अन्नपूर्ण पदमार्गमा केही पर्यटक पदयात्राका लागि आउने गर्छन्।

डेढ लाखको विवरण संकलन

पोखरापत्र संवाददाता

तनहुँ, २९ साउन

राष्ट्रिय परिचयपत्रका लागि तनहुँमा डेढ लाखभन्दा बढीको विवरण सङ्कलन गरिएको छ । जिल्ला प्रशासन कार्यालय तनहुँ र स्थानीय तहमा सञ्चालित घुम्ती शिविरबाट एक लाख ५१ हजार आठ सय एक जनाको विवरण सङ्कलन गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय तनहुँमा रहेको दर्तास्थलमा विवरण दर्ताका लागि दैनिक भीड हुने गरेको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेले जानकारी दिनुभयो । राहदानी बनाउनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएकाले पनि सर्वसाधारणको भीड हुने गरेको गैह्रेले बताउनुभयो। जिल्लाका व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिकामा वडास्तरबाटै परिचयपत्रका लागि विवरण सङ्कलन गरिएको थियो । यस्तै कारागारमा रहेका कैदीबन्दीको पनि विवरण सङ्कलन गरिएको छ । जिल्ला प्रशासन कार्यालयको समन्वयमा कारागारमा रहेका कैदीबन्दीको राष्ट्रिय परिचय पत्रका लागि विवरण सङ्कलन गरिएको हो ।

कारागारमा रहेको ५५ जनाको विवरण सङ्कलन गरिएको कारागारका निमित्त प्रमुख नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। “कारागारभित्रै कैदीबन्दीको फोटो खिच्ने, विवरण सङ्कलन गर्ने व्यवस्था मिलाएका थियौँ”, उहाँले भन्नुभयो, “पूरा विवरण भएकामध्ये ५५ जनाको विवरण दर्ता भएको छ।”

राष्ट्रिय परिचयपत्रको विवरण बुझाउन अनलाइन पनि प्रयोग गर्न सकिन्छ। परिचयपत्रका लागि आवेदन बुझाउन अनलाइन प्रक्रिया पूरा गरी प्रशासन कार्यालयमा आफैँ उपस्थित हुनुपर्नेछ । तर अनलाइनबाट फारम भर्न सर्वसाधारणलाई गाह्रो हुँदै आएको छ । परिचयपत्रका लागि आवेदन फाराम भर्दा १६ वर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाणपत्र पाएका नागरिकले नामथर, जन्ममिति, लिङ्ग, आमाबाबुको नाम, ठेगाना, नागरिकताको किसिम, पति र पत्नी नाम, बाजेको नाम उल्लेख गर्नुपर्छ । यस्तै फारममा औँलाछाप (१० वटा), आँखाको नानी, तस्वीर, राष्ट्रियता र हस्ताक्षर उपलब्ध गराउनुपर्छ।

सरकारबाट नेपाली नागरिकलाई प्रदान गर्ने सेवासुविधालाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्नाका साथै सो प्रणालीबाट प्राप्त हुने तथ्याङ्क तथा अभिलेख नीति एवं योजना निर्माणमा प्रयोग हुनेछ । यसले व्यक्तिको राष्ट्रिय पहिचानपत्र र मतदाता परिचयपत्रका रूपमा काम गर्ने सबै किसिमका सार्वजनिक सेवा प्राप्त गर्ने आधार दिनेछ । सामाजिक सुरक्षा कार्डका रूपमा यही कार्ड प्रयोग हुनेछ । यसले सुरक्षा व्यवस्थापनका लागि सहयोगी अभिलेखको काम गर्नेछ।

अन्य सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आबद्ध गरेपछि सार्वजनिक सेवा प्रदायक निकायले झन्झटरहित, छोटो समय र कम लागतमा सेवा प्रदान गर्न सम्भव हुनेछ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जन्म, मृत्यु, बसाइँसराइ तथा अन्य कारणबाट व्यक्तिगत सूचनामा परिवर्तन भएमा सोहीअनुसारको अभिलेख व्यवस्थापन गर्ने प्रणालीको स्थापना तथा विकास गरेको छ । राष्ट्रिय परिचयपत्र नम्बर र राष्ट्रिय परिचयपत्रलाई बहुउपयोगी प्रणालीका रूपमा सरकार र सरकारबीच (जिटुजी), सरकार र व्यवसायीबीच (जिटुबी) र सरकार र नागरिकबीच (जिटुसी) सेवा प्रदान गर्न उपयोग हुनेछ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. –५२०६५१